दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३६ | अंक २७६ | बुटवल | २०८१ असोज १६, गते बुधबार | नेपाल संवत ११४४ | Wednesday Oct. 02, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## विज्ञापनमा बिचौलिया रोक्ने सञ्चारगृहको अभियान

बुटवल। सञ्चार माध्यममा प्रकाशन हुने विज्ञापनमा बिचौलिया हावी भइ विज्ञापन बजार ध्वस्त भइरहेको बेला यहाँका सञ्चार गृहहरु बिचौलिया रोक्न अभियान थालेका छन् । उनीहरुले विज्ञापन बोर्डले सार्वजनिक गरेको सीमाभन्दा कम दररेटमा विज्ञापन नछाप्ने निर्णय गर्दै स्थानीय सञ्चारमाध्यमको प्रवर्द्धन गर्न ध्यानाकर्षण गराएका छन्।

सरकारी विज्ञापनमा कमिशनले दररेट मनपरी भएपछि यहाँका सञ्चारगृह एकजुट भएका हुन्। प्रकाशन तथा प्रशारण समाजले विज्ञापन बोर्डको निर्णय र निर्देशन पूर्णत पालना गर्ने र गराउने जनाएको छ।

विज्ञापन बोर्डले हालै देशका ३५ वटा राष्ट्रिय दैनिकहरूको भेला गराई विज्ञापन दरमा एकरुपता ल्याउने निर्णय गरेर कार्यान्वयन गर्न निर्देशन दिएको थियो। तीमध्ये क वर्गका चार दैनिक लुम्बिनी, मेचीकाली, दैनिकपत्र र बुटवल टुडे बुटवलबाट प्रकाशित हुँदै आएका छन्।

यो निर्णयपछि विज्ञापन एजेन्सी खोलेर विभिन्न सरकारी कार्यालयलाई कमिसनको प्रभाव र सांसदको नाम जोडेर केही पत्रकार र बिचौलियाहरु यो निर्णय कार्यान्वयन नगराउन लविङ गरिरहेका छन् । उनीहरुले प्रेस काउन्सीलले वर्गीकरण नगरेको र मापदण्डमा नपरेको पत्रिकामा विज्ञापन प्रकाशन गरिरहेका छन्।

अब कुनै पनि मिडिया वा एजेन्सीले विज्ञापन बोर्डमा अनिवार्य सूचीकरण गराउनु पर्ने बाध्यात्मक अवस्था रहेको छ। यदि विज्ञापन बोर्डमा सूचिकृत छैन भने, त्यस्तो मिडियाले सरकारी विज्ञापनहरू प्रकाशित गर्न पाउने छैनन् । यसैगरी, विज्ञापन एजेन्सीहरूले भुक्तानी लिंदा सम्बन्धित मिडियाको बिलको प्रतिलिपी अनिवार्य पेश गर्नु पर्ने व्यवस्था गरिएको छ। 'यो व्यवस्था कार्यान्वयन गर्न सञ्चार गृह प्रतिबद्ध छौं'-दैनिक पत्र दैनिकका प्रधान सम्पादक डा. बालकृष्ण चापागाईंले भने।

बुटवलको ग्रिक मिडिया प्रालिले विभिन्न कार्यालयलाई विज्ञापन माग्दै धम्क्याएको कुरा विज्ञापन बोर्डको निर्णय कार्यान्वयनका लागि हिडेको प्रकाशन तथा प्रशारण समाजको टोलीलाई सरकारी कार्यालयका कर्मचारीले बताएका छन्। 'कुनै राजनैतिक दलको नेता र सांसदको नाम लिएर धम्क्याइन्छ, हामी पनि आजित छौं'–ती कार्यालय प्रमुखको भनाइ छ। यस्तो जानकारी पाएपछि यहाँका सञ्चारगृहहरुले यस्तो प्रवृत्तिविरुद्ध सामूहिक रुपमा एकजुट भएर प्रतिवाद गर्ने भएका छन्। यसरी सरकारी कार्यलयका कर्मचारीलाई प्रभावित पार्ने ग्रिक मिडियाका सञ्चालक प्यूठानबाट पत्रकारिता गर्दै आएका केशरराज क्षेत्री हुन्।

ग्रिक मिडिया प्रालिले कतिपय स्थानीय तहहरूमा सञ्चारगृहको दररेटभन्दा निकै कम दरमा सम्झौता गर्ने र बुटवल, काठमाडौं तथा नेपालगञ्जका मिडियाहरूमा बार्गेनिङ गरेको पाएपछि प्रकाशन तथा प्रशारण समाजको टोलीले यहाँका स्थानीय तहको नेतृत्वसँग छलफल गरेको थियो।

# लुम्बिनी साँस्कृतिकमा नगरवासी किन भए आन्दोलित ?

**स्वास्थ्य केन्द्रमा अल्ट्रासाउण्ड र एक्सरेको व्यवस्था हुनुपर्ने, सरकारले तोकेका औषधी नि:शुल्क पाउनुपर्ने, गरिब तथा विपन्न परिवारलाई उपचार खर्चको व्यवस्था हुनुपर्नेलगायतका माग पूरा नभए लुम्बिनीबाट काठमाडौंसम्म पैदल यात्रा गर्ने स्थानीयको तयारी छ।**



**मोहम्मद हबिब**

*भैरहवा*

शिक्षा, स्वास्थ्य, कृषि, भौतिक पूर्वाधारलगायतको मुख्य काम नागरिकले सहज आभास हुने गरी नभएको भन्दै लुम्बिनीका स्थानीय आन्दोलित भएका छन्। उनीहरुले मंगलबार नारावाजीसहित नगरपालिका कार्यालय घेराउ गरेका छन्।

लुम्बिनी साँस्कृतिक नगरपालिका क्षेत्रका स्थानीयले गरिब परिवार, मजदुर, किसान, व्यावसायीको समस्या सामान्य समस्याहरु समेत समाधान गर्न नगरपालिका चुकेको भन्दै भ्रष्टाचार न्यूनीकरण गर्न शिक्षा, स्वास्थ्यलगायतका पूर्वाधारहरुमा सुधार गर्न, चोरी अपराध रोक्न, महिला तथा बालबालिकालाई सुरक्षित पार्न र दुर्घटनाबाट बचाउन नगरपालिकाले पहल गर्नु पर्ने स्थानीयहरुको माग हो।

मंगलबार प्लेकार्डसहित विरोध ऱ्याली गर्दै आएका स्थानीयले नगरपालिका कार्यालयमा नाराबाजी गरि नगर प्रमुख, उपप्रमुख र जनप्रतिनिधिलाई सचेत गराउँदै ध्यानाकर्षण गराएका छन् । निर्वाचित भएको धेरै समय बित्दा पनि साना-साना आधारभूत काममा पनि स्थानीयले समस्या पाएको भन्दै स्वतःस्फुर्त रुपमा हामी आन्दोलित बनेको स्थानीय युवा कासिम खानले बताए।

नगरपालिकामा धेरै बेथितिहरु छन्, गाउँ गाउँमा सिंहदरबार भन्ने, तर काम नगर्ने, साना-साना काममा किसान, गरिब, मजदुर, व्यवसायीहरुलाई समेटेर जानुको साटो एकलौटी रुपमा नगरपालिकाले काम नगरेको भन्दै भ्रष्टाचारविरुद्धकै अभियानको रुपमा जनतालाई जागरुक गराउन पनि यो कदम चालेको खानले बताए।

प्रत्येक गाउँ-गाउँमा विद्युत् सडक बत्ती र सि.सि.टी.भी जडान हुनुपर्ने, बाटो, पुल, भवन, नाली इत्यादी भौतिक संरचना गुण्स्तरीय बनाइ टिकाउ हुनुपर्ने, नगरवासीहरुका लागि शुद्ध खाने पानीको व्यवस्थापन हुनुपर्ने, सय युनिट सम्म बिजुली खपत गर्नेको शुल्क मिनाहा हुनुपर्ने, किसान बिमा लागु गरी किसान कार्डमार्फत् सहज रुपमा मलखाद र बिउबिजनको व्यवस्था हुनुपर्ने, जनप्रतिनिधि, कर्मचारी, शिक्षकहरुको छोराछोरीहरु अनिवार्य रुपमा सामुदायिक विद्यालयमा पढाउनु पर्ने, उच्च शिक्षाको लागि छात्रवृत्तिको व्यवस्था, नगरका सम्पूर्ण महिलाहरुको लागि निःशुल्क सेनेटरी प्याडको व्यवस्था हुनुपर्ने स्थानीयहरुको माग रहेको छ।

यस्तै स्थानीय जनप्रतिनिधि बिरामी हुँदा यही उपचार गर्नुपर्ने, लुम्बिनीको स्वास्थ्य उपचार केन्द्रमा अल्ट्रासाउण्ड र एक्स-रे को व्यवस्थापन हुनुपर्ने,

» बाँकी ३ पेजमा

## सडकमा अवैधकर उठाउँदै

भैरहवा । लुम्बिनी प्रदेश सरकारको नीति विपरित रुपन्देहीको लुम्बिनी साँस्कृतिक नगरपालिकाले आफूखुसी कर उठाइरहेको छ । सरकारले प्रदेशका कुनै पनि स्थानहरुमा सवारी कर नउठाउने नीति विपरित लुम्बिनीले पूर्वाधार सेवाको उपयोगमा लाग्ने करको ठेक्का नै आव्हान गरी सडकमा कर उठाइरहेको छ । नगरपालिकाले साउन २५ गते सार्वजनिक सूचना नै जारी गरि ठेक्का आव्हान गरेको थियो। जसका लागि ३ वटा फर्मले प्रस्ताव गर्दा भदौ ९ गते को निर्णयले १ लाख २४ हजारमा रोयल लुम्बिनी कन्स्ट्रक्सनले ठेक्का दिने निर्णय गरेको थियो।

नगरपालिकाले असोज ९ गते कम्पनीलाई पहिलो किस्ता बुझाएकोले पुस १५ गते सम्मका लागि कर उठाउनका लागि सम्झौता गरेको थियो। नगरपालिकाले दोस्रो किस्ताको रकम मिति २०८१ पौष १६ गते भित्र र तेश्रो किस्ता वापतको रकम २०८१ चैत्र मसान्तभित्र बैंकमा दाखिल गरी भौचर बुझाउने र नबुझाएमा ठेक्का रद्द गरी धरौटी बापतको रकम जफत गरिनेछ भनि कम्पनिसँग सम्झौता गरेको छ । ठेक्का तोडेमा ठेकेदारको नाम कालो सूचीमा राखिने र त्यसबाट यस नगरपालिकालाई हुन जाने नोक्सानीको सम्पूर्ण रकम दाखिला गरेको रकमबाट असुल उपर गरिने समेत उल्लेख छ। नगरपालिकाले सम्झौतामा पूर्वाधार सेवाको उपयोग वापतको कर नगरपालिकाभित्र चार ठाउँमा (पर्सा चोकदेखि महजिदियासम्म, मोगलहा चोकदेखि लोहखडिया सम्म, ककरहवा बाटो, शिवगढिया चोकदेखि भैसहियासम्म) ठाउँबाट मात्रै उठाउन सकिने उल्लेख गरेको छ।

जसमा नगरपालिका प्रवेश गर्ने भारतीय तथा विदेशी बस, माल वाहक गाडी, जीप तथा कार र नेपाली ट्रक तथा टिप्पर (नगरपालिकाभित्र बाहेक) को मात्र कर उठाउन पाइने उल्लेख छ।

नगरपालिका प्रवेश गर्ने भारतीय तथा विदेशी बस तथा माल वाहक गाडी रु २००/-, भारतीय तथा विदेशी जीप तथा कार रु.१००/- नेपाली साधारण टिप्पर रु. १५०/- र नेपाली टिप्पर ६ चक्केभन्दा माथिको रु. १५०/- (भ्याट र टिडिएस बाहेक) को दरले मात्र कर उठाउन पाइने सम्झौता गरेको छ।

आन्तरिक आम्दानीमा वृद्धि गर्नुपर्ने र स्थानीय कानुनलाई समेत मध्यनजर राख्दै ठेक्का आव्हान गरेको नगरपालिकाले जनाएको छ।

» बाँकी ३ पेजमा

# 'विदेशी अनुदानले देश डुब्यो, चीनबाट कहिले सिक्ने ?'



भैरहवा । राष्ट्रियताको पक्षमा चिनियाँ नेतृत्व र नागरिक एकजुट हुने परम्पराबाट पाठ नसिक्दा नेपाल धेरै पछाडि परेको बुद्धिजीवि र नागरिक अगुवाहरुले टिप्पणी गरेका छन्।

चीनको ७५औं राष्ट्रिय दिवसको अवसरमा नेपाल-चीनमैत्री समाज लुम्बिनीले भैरहवामा गरेको कार्यक्रममा उनीहरुले चीनसँग नेपालको धेरै पुरानो मित्रता र सम्बन्ध भए पनि चीनका असल अभ्यास अनुशरण नगर्ने र चीनलाई विश्वास दिलाउन समेत नसक्दा अपेक्षाकृत सहयोग र लाभ लिन नसकेको औंल्याए।

लुम्बिनी बौद्ध विश्वविद्यालयका उपकुलपति डा. सुवर्णलाल बज्राचार्यले चीनको राजनीतिक नेतृत्व र नागरिक राष्ट्रियतामा एकताबद्ध भएकाले आर्थिक विकासमा फड्को मारेको बताए। 'चिनियाँ नेतृत्व र नागरिक राष्ट्रियताको पक्षमा सधैं एकजुट छन्, त्यसैले विश्वका अरु देशको तुलनामा छोटो अवधिमा असाधारण प्रगति गरेको हो,' डा. बज्राचार्यले भने-'तर नेपालमा नेतृत्व र नागरिक समेत विभाजित छन्, शक्ति राष्ट्रको स्वार्थअनुसार सरकार र नीति परिवर्तन भइरहने परिपाटीले नेपाल धेरै पछाडि परेको हो।'

विगतमा चीनले थुप्रै विदेशी अनुदान र ऋण अस्वीकार गरी आफ्नै बलबुतामा विकास निर्माण गरेको उदाहरण दिँदै डा. बज्राचार्यले नेपालमा ठीक उल्टो वास्तविकताभन्दा धेरै गुणा बढी लागत स्टिमेट गरेर विकासे परियोजना बनाई दातृ राष्ट्रबाट अनुदान र ऋण लिने गरेका कारण नेपाल ऋणमा डुबेको औंल्याए। 'नेपालमा प्राकृतिक स्रोत साधन र उपयुक्त हावापानीले आर्थिक प्रगति गर्न सक्ने प्रचूर सम्भावना हुँदाहुँदा ओभर स्टिमेटका परियोजना बनाई विदेशी अनुदान ताक्ने र त्यसबाट सीमित व्यक्तिले लाभ लिने प्रवृत्तिले देशको प्रगति हुन सकेन,' उनले भने- 'नेपालको राजनीतिक नेतृत्व विदेशी शक्ति राष्ट्रलाई खुशी बनाएर अनुदान र ऋण लिंदैमा ठीक्क छ, यही कारण देश ऋणमा डुबेको छ, जिरोबाट पनि माइनसको स्थितिमा पुगेको छ।' विदेशी ऋण र अनुदानका कारण नेपाल स्वतन्त्र भनिए पनि व्यवहारमा स्वतन्त्र नभएको र विदेशीको स्वार्थमा चल्न बाध्य भएको उनले स्पष्ट पारे। बौद्ध दर्शन र आध्यात्मिक मूल्य मान्यतामार्फत् लुम्बिनीमा लाखौं चिनियाँ पर्यटक आकर्षित गरी समृद्धि हासिल गर्न सकिने भए पनि सरकारसँग स्पष्ट योजना नहुँदा चीनबाट लाभ लिन नसकिएको उनले औंल्याए। 'हिमालको पानी, प्रांगारिक फलफूल, जडीबुटी र खाद्य प्रविधिमा राम्रो सम्भावना भए पनि नेपाल सबै क्षेत्रमा लाभ लिन चुकेको छ।'-उनले भने।

नेपाल-चीन मैत्री समाज लुम्बिनीका अध्यक्ष नारायणप्रसाद सापकोटाले चीन नेपालको असल र अहस्तक्षेपकारी मित्र राष्ट्र भएको उल्लेख गर्दै चीनले आफू मात्र नभई विश्वलाई आफूसँगै विकसित बनाउन बीआरआइ परियोजना अघि सारेकाले त्यसमा नेपाल सहभागी भएर लाभ लिनुपर्ने बताए।

चिनियाँ नेतृत्व माओत्सेतुङ, तेङ स्याओ पिङ र वर्तमान राष्ट्रपति सी जिन पिङको कुशल नेतृत्वबाट ७५ करोड चिनियाँ नागरिकलाई गरिबीको रेखाबाट मुक्त गरी समृद्ध बनाउन सफल भएको कुराबाट नेपाली नेताहरुले पाठ सिक्नुपर्नेमा त्यो हुन नसकेको उनले औंल्याए।

चीनसँग नागरिकस्तरमा सम्बन्ध विस्तारका लागि समाजले २०५९ सालदेखि चिनियाँ राष्ट्रिय दिवस, चिनियाँ नयाँ वर्षमा चिनियाँसँग अन्तर्क्रियाहरु गर्दै आएको उनले बताए।

संविधानसभा सदस्य नेत्र पन्थीले चिनीयाँहरु नेपाल र बुद्ध जन्मस्थल लुम्बिनीको पर्यटन प्रवर्द्धनमा सकारात्मक रहेको, तर नेपालले चिनियाँ पर्यटक भित्र्याउन विशेष योजना बनाउन नसकेको बताए। लुम्बिनीस्थित बौद्ध विहारका गुरु याङओ सीले चिनियाँ बौद्धमार्गीहरुका लागि बुद्धजन्मस्थल लुम्बिनी पवित्र भूमि र शान्ति भूमि भएकाले संसारका सबै बौद्धमार्गीहरु लुम्बिनी भ्रमणमा आउन आग्रह गरे।

कार्यक्रममा लुम्बिनी विकास कोषका कोषाध्यक्ष सिद्धिचरण भट्टराई, साहित्यकार एवं प्राज्ञ बुंद राना, सिद्धार्थ साहित्य परिषद्का अध्यक्ष डिल्लीराज भट्टराई, साहित्यकार विजयगोविन्द श्रेष्ठ, समाजका वरिष्ठ उपाध्यक्ष गोविन्द रेग्मी, महासचिव मनिषकुमार जोशीलगायतले बोल्दै चिनियाँ राष्ट्रिय दिवसमा एक हप्तासम्म हुने बिदामा चिनियाँलाई नेपाल भ्रमणमा आकर्षित गर्न सरकराले विशेष योजना बनाउनुपर्नेमा जोड दिए।

अक्टोबर १ तारिख चिनियाँ राष्ट्रिय दिवस हो । राष्ट्रिय दिवसका अवसरमा बेइजिङका मुख्य चोकहरुलाई फूलले सिँगारिने गरिन्छ । विशेष गरी तियानमेन स्क्वायर क्षेत्रलाई कलात्मक फूलहरुले सजाइएको हुन्छ। सन् १९४९ अक्टोबर १ तारिख तियानमेन स्क्वायर क्षेत्रबाट अध्यक्ष माओत्से तुङले जनगणतन्त्र चीन घोषणा गरेका थिए । त्यसपछि हरेक वर्ष अक्टोबर १ को स्मृतिमा नयाँ चीन स्थापनाको रुपमा राष्ट्रिय दिवस मनाउन थालेको हो।

तियानमेन स्क्वायर क्षेत्रमा हरेक दस वर्षमा विशाल सैनिक परेड गरेर जनगणतन्त्र चीन स्थापनाको वार्षिकोत्सव भव्य रुपमा मनाइने गरिन्छ। १०/१० वर्षको फरकमा भव्य सैनिक परेड गरिने तियानमेन स्क्वायर क्षेत्रमा अन्य वर्ष चाहिँ फूलले सिँगार्ने गरिन्छ। यसरी सिँगार्दा तियानमेन स्क्वायर क्षेत्रको बिच भागमा ठूलो फूलको टोकरी राखिन्छ र अन्य दायाँ बायाँमा उत्तर दक्षिण फैलिएका फूलबाट बनाइएको विभिन्न कलाहरु देखिएको हुन्छ। यिनै फूलहरुले विशाल चीनको प्रतिनिधित्व गरेको हुन्छन्।

यसपटक पनि चिनले सेप्टेम्बर २९ देखि अक्टुबर ६ सम्म राष्ट्रिय दिवस मनाउने निर्णय गरेको छ।



## सम्पादकीय

# वधशाला चलाउन सहमति गर

बुटवल उप-महानगरपालिकाले किसान र मासु व्यवसायीसँग गरेको सहमति तोडेर अघि बढेपछि बुटवलमा निर्माण भएको वधशाला सञ्चालनमा समस्या भएको छ। अहिले मासु व्यवसायी र उप-महानगरपालिका आमनेसामने लडाईंमा छन्। जुन लडाईं बुटवलको व्यवसायिक वातावरणका लागि घातक हुनेछ।

बुटवल उप-महानगरपालिकाले वधशालामा मात्रै वध गरेका खसी बोकालगायतको मासु बेच्नुपर्ने भन्दै धमाधम मासु व्यवसायीलाई जरिवाना गर्न थालेको छ। उप-महानगरपालिकाको जरिवाना र पसल बन्द गरिदिने चेतावनी दिएपछि व्यवसायीहरुले पनि आन्दोलन गर्ने र बुटवलमा मासु व्यवसाय नगर्नेसम्मको तयारी गर्न थालेका छन्। यो परिस्थितिको कारक बुटवल उप-महानगरपालिकाको कमजोरीले हो। वधशाला चलाउनका लागि यस अघि मासु व्यवसायी, किसान र उप-महानगरपालिकाबिच भएको सार्वजनिक निजी साझेदारी मोडलमा सहमति भएको थियो। सहमतिअनुसार वधशाला सञ्चालनको प्रतिक्षामा रहेका व्यवसायीलाई उप-महानगरपालिकाले सम्झौता खारेज गरी धोका दिएको थियो। त्यसपछि अर्कै कम्पनीलाई ठेक्का दिएको थियो। त्यो कम्पनीले चलाएको वधशालामा वध गर्नैपर्छ भन्ने उप-महानगरपालिका र गर्दैनौं भन्ने व्यवसायीको विवादको मारमा उपभोक्ता परेका छन्। एकातिर राज्यको २३ करोड लगानीको प्रतिफल नागरिकले पाउन सकेनन्। अर्कोतिर दसैंको मुखमा मासु पसल बन्द गरेर आन्दोलनमा उत्रने मुडमा व्यवसायी देखिन्छन्।

किसानले खसी बोका बेच्ने, मासु व्यवसायीले तिनै खसी बोकाको मासु बेचबिखन गर्ने गरी उनीहरुलाई समेत वधशालाको मालिक बनाउने मोडल वधशाला सञ्चालनको राम्रो मोडल थियो। यसअघि नै उप-महानगरपालिकाले धोका दिएको भन्दै किसानले वधशाला सञ्चालन गरेको कम्पनीलाई खसी बोका नदिने बताइसकेका छन्। मासु व्यवसायी पनि त्यो वधशाला प्रयोग नगर्ने र छुट्टै वधशाला चलाउने गरी उप-महानगरपालिकाले सहजीकरण गर्नुपर्ने बताइरहेका छन्। अब बुटवलबाट व्यवसायीलाई विस्थापित हुन नदिन उप-महानगरपालिकाले पूर्व सहमतिमै फर्कनुपर्छ। किसान,मासु व्यवसायीसहितको कम्पनीसँगरेको सहमतिअनुसार वधशाला चलाउन प्राथमिकता दिनुपर्छ।

कुनै आयोजनाको निर्माण गर्नुमात्रै ठूलो विषय होइन्, त्यसको सञ्चालन र व्यवस्थापन पनि महत्वपूर्ण हुन्छ। निजी सार्वजनिक मोडलमा वधशाला चलाउन सकिन्छ भन्ने निष्कर्षका आधारमा प्रदेश सरकारले वधशालाका लागि १५ करोड लगानी गरेको हो। अर्कैले लगानी गरेको आयोजनामा उप-महानगरपालिकाले विभिन्न बखेडा झिकेर समाजमा प्रभाव पार्ने नमूना आयोजनालाई असफल बनाउन खोजेको त होइन् ? अहिले उठेको यो प्रश्नको जवाफ दिनुपर्छ।

# अवैज्ञानिक विकासले निम्त्याएको विनाश



उद्धव सिलवाल

*दुई दिन वर्षा हुनासाथ ठूलो धन जनको क्षति भएको यथार्थलाई आत्मसाथ गर्दै भोलिका दिन योभन्दा ठूलो प्राकृतिक रौद्र रूप नआउला भन्न सकिन्न। त्यतिखेर हुन सक्ने क्षतिलाई अहिले नै राजनीतिज्ञ, राज्य सञ्चालन गरिरहेका नेतृत्व वर्ग र नीति निर्माण तहमा रहेका कर्मचारी संयन्त्रले सोच्नुपर्ने भएको छ। नत्र भोलिको दिनमा पनि विकासको नाममा हुने अवैज्ञानिक कार्यले विनाशबाहेक अरू ल्याउन सक्दैन।*



दुई दिनको अविरल वर्षाले राजधानीलगायत देशभरमा ठूलो क्षति पुऱ्याएको छ। अनियन्त्रित वर्षाका कारण उत्पन्न बाढीपहिरो र डुबानका कारण मुलुकमा ठूलो मानवीय क्षति पुगेको छ। बाढीपहिरो र डुबानबाट मानवीय क्षतिसँगै सडक, पुल, विद्युत्लगायतका संरचनामा ठूलो क्षति पुगेको छ।

आँखै अगाडि मृत्युको मुखमा पुग्दा देखिएको कारुणिक अवस्थामा समेत निरुपाय भई लाचार बन्नुपर्ने अवस्थाले हामी सबैलाई निशब्द तुल्याएको छ।

प्रकृतिको विनाशबाट जोगिन प्राणको भिख मागेका आम नागरिकको जीवनलाई जोगाउन कसैले भरोसासम्म दिन सकेनन्। कतै पहिरोले किचिएर, कतै बाढीमा हेलिएर त कतै डुबेर ठूलो संख्यामा जनधनको क्षति हुँदा पनि राज्यका सहयोगी हातहरूले तत्कालीन अवस्थामा कुनै भरोसा दिन नसक्नु हामी सबैको लागि सबैभन्दा दुखद विषय बन्न पुगेको छ।

मनसुन सुरु भएसँगै पहाडमा बाढीपहिरो र तराईमा डुबानको समस्या हुन्छ भन्ने राज्यलाई थाहा भएकै विषय हो। तर त्यहाँ भएका समस्याहरूको समाधानमा भने कुनै उपाय नै नअपनाउने परिपाटी आज पनि आम नागरिकको लागि ठूलो बाधक तत्व बनेको छ। विकासको नाममा भूमाफिया र जलमाफियाको रजगजले खोला नाला घरभित्र पसेको नभई ठूला घर र भवनहरु नदी, नाला र खोलाले ओगटेको जमिनमा बनेको कारण अहिलेको अवस्था आएको हो। खोला, नालाले आफ्नो बाटो आफैँ बनाउँदा विनासको रूप लिएको देखिन्छ। यस्तो अवस्थाको विजारोपाण गर्ने कार्यमा राजनीतिक नेतृत्वकै बढी संरक्षण रहेको आभास सबैले गरेका छन्।

यी सबै धन आर्जनको लागि गरिएको कार्य हो। धनलाई जीवनको साधनको रुपमा लिइने गरिन्छ। धन आर्जनमा अहिले सबै केन्द्रित रहने गरेका छन्। वास्तवमा धन भनेको साधन हो साध्य होइन। धन मानिसका लागि हो। मानिस धनका लागि होइन। धनका लागि मानिस क्रूर बनेका छन्। धनको प्रलोभनमा मानिस जे पनि गर्न तयार हुने गर्छन्।

धनकै लागि राज्य संयन्त्र पनि सुशासन र अनुशासनमा चुकेको छ। धन आर्जनको लागि सार्वजनिक संयन्त्रहरूमा बेरुजुको चाङ बढेको देखिन्छ। सोही कारण भ्रष्टाचारका घटनाहरु दिनहुँ सार्वजनिक हुने गरेका छन्।

मति बिग्रेपछि गति पनि ठीक हुन्न भन्ने उक्ति हाम्रोमा रहेको छ। राजनीतिमा बस्नेदेखि कर्मचारी संयन्त्रमा रहेको हरेक जसो व्यक्ति पैसाका लागि जस्तोसुकै काम गर्न तयार हुने परिपाटीको कारण अहिलेको अवस्था आइपुगेको हो। धन केही होइन भन्ने होइन। धन केही हो। धेरै साध्यका लागि आवश्यक साधनको रुपमा धन रहन्छ। सभ्यताको वृद्धि र विकासको मार्ग निर्माणकको रूपमा धनलाई लिइने गरिन्छ। उचित ढंगले उचित मात्रामा पिए धन अमृत हुन्छ। अन्यथा यो विषमा पनि रुपान्तरण हुन सक्छ ?

धनको कुलत र धमिरालाई एकै ठाउँमा राख्न सकिन्छ। धमिराले भित्र भित्रै काठलाई खोक्रो बनाइसकेको कसैलाई थाहै हुँदैन। धन पनि त्यस्तै धमिरा जस्तो हो। जस्ले व्यक्तिको सद्बुद्धि र आदर्शलाई खोक्रो बनाएको आफैँलाई थाहा हुँदैन। नशा बनिसकेको धनाआर्जनको लत हेरोइन, कोकिनको नशा, मदिराको लत, व्यभिचारको कुलतभन्दा पनि अधिक चर्को हुने गर्छ। धनार्जनको इच्छाका अगाडि इमान, जमान, आफन्त, इष्टमित्र, साथीभाइ सबै चिनी बिनाको चिया जस्तो फिका हुने गर्छन्।

यस्तो अवस्थामा माथि उल्लेख गरेजस्तो धन आर्जनको लागि भूमाफिया र जलमाफियासँगको सानिध्याले हुने कार्यले विनास बाहेक अरु ल्याउन सक्दैन। प्राकृतिक रूपमा नेपालको भौगर्भिक बनोट कमजोर छ। जलवायु परिवर्तन, अव्यवस्थित पूर्वाधार विकासलगायतका विविध कारणले प्राकृतिक तथा गैरप्राकृतिक विपद्को अत्यधिक जोखिममा रहेका मुलुकमध्ये नेपाल पनि एक हो। देशको अवस्था सडक र यातायातको विकासले मापन गरेको हुन्छ। तर, पहाडी इलाकामा निर्माणाधीन तथा निर्मित सडकले बाढीपहिरोको जोखिमलाई प्रवर्द्धन गरेको देखिन्छ। बाटोघाटो विकासको माध्यम हुन्। विडम्बना यी सडकहरूले विकासभन्दा विनाशलाई निम्त्याई रहेका छन्। जनताका ज्यान भलले बगाएर, माटोले पुरेर ल्याइएको विकासलाई विनाशबाहेक अरू भन्न सकिँदैन।

पानी पर्दा हिलो, घाम लाग्दा धुलो र मापदण्ड मिचेर खोलाछेउमा बनेका संरचनाको कारण सडक एम्बुस जस्तो बनेको लामो सयम भइसकेको छ। शहरलाई व्यवस्थित र सभ्य बनाउन नसक्दा दुई दिनको वर्षाले मात्रै कल्पना गरेभन्दा ठूलो क्षति पुग्यो। शहरलाई सम्भ्यताको प्रतिकको रुपमा लिइन्छ। तर अहिलेको शहरले जीवनलाई सुखभन्दा पनि दुःख र कष्ट थपेको आभास हुन थालेको छ। पानी पर्दा सडक खोलामा परिणत हुने कार्य विकासको नाममा झांगिएको कमिशनले निम्त्याएको विकृतिको नांगो रूप हो।

विकास, विनाश र विकृतिले असमानतलाई बढवा दिने गरेको छ। अघाएको पेटलाई भोक थाहा नभए जस्तै नेतृत्वले विकासमा सम्झौता गर्दा खोला नाला खुम्चिन थालेको कारण ठूलो जन धनको क्षति पुगेको हो। विकास र समृद्धिका लागि नेपालमा प्रशस्त सम्भावना र अवसरहरू छन्। अपार जलस्रोत छ। पर्यटनको सम्भावना अत्यधिक छ। अर्थतन्त्रका सरोकारवालादेखि अर्थतन्त्रसँग चासो राख्ने सबैले आर्थिक विकासको मुद्दालाई उठाउने गर्छन्। राजनीतिक दलका नेताहरूले पनि अब आर्थिक क्रान्तिको पालो भन्ने गरेका छन्। तर, आवधिक योजनाले लिएको लक्ष्य र उद्देश्य पूरा गर्न तथा हरेक वर्ष सरकारले नीति तथा कार्यक्रममार्फत् सार्वजनिक गर्ने कार्यक्रम भने कार्यान्वयन हुन सकेको छैन। लगानी गर्न सके मात्रै उत्पादकत्व बढ्ने हो। लगानीको वातावण अझैं बन्न सकेको देखिँदैन।

विदेशी लगानी नभित्रिएसम्म देशको विकासले गति लिनसक्ने अवस्था आउँदैन। जबसम्म विदेशी लगानी भित्रिँदैन तबसम्म देशको विकासले अपेक्षाकृत फड्को मार्न सक्दैन। नेपालको अन्तर्राष्ट्रिय श्रम सम्बन्ध कमजोर रहेको छ। औद्योगिक पूर्वाधारको काम कछुवा गतिमा अघि बढिरहेको छ। ऊर्जा संकट अझैं हट्न सकेको छैन। औद्योगिक क्षेत्रमा अझैं पनि अघोषित लोडसेडिङ भइरहेको छ।

लगानीमैत्री वातावरणको सिर्जना गरी स्वदेशी एवं विदेशी पुँजी, प्रविधि, सीप हस्तान्तरण हुन सक्ने वातावरण तय भएको छैन। अर्थतन्त्रका सूचकहरु सन्तोषजनक छैनन्। सत्ता राजनीतिमा कर्मचारीदेखि राजनीतिक दलका नेता र उनका आसेपासेले आफैँ डाडु पन्यु चलाइरहेका छन्। आफ्ना बफादारमार्फत सम्पत्ति आर्जन गर्नु उनीहरुको ध्येय रहेको छ। यही सम्पत्ति आर्जनको कारण खोला नाला अतिक्रमको चपेटामा परेका हुन्।

विकास र समृद्धि नेता एवं कर्मचारीका लागि मात्र होइन। यो त आमजनताका लागि हो। खासगरी भौतिक र आर्थिक विकासलाई समृद्धि भनिन्छ। कुनै समाज वा मुलुकमा आर्थिक, सामाजिक, भौतिकसँगै नागरिकको जीवनस्तर, खुसी र सुखको स्तरलाई समृद्धिले मापन गर्ने गर्छ। राज्य संयन्त्रले वैज्ञानिक विकासको कार्यलाई अघि बढाउन नसकको कारण विकासको नाममा विनास निम्तिएको हो। आज देशमा दुई दिन वर्षा हुनासाथ ठूलो धन जनको क्षति भएको यथार्थलाई आत्साथ गर्दै भोलिका दिन योभन्दा ठूलो प्राकृतिक रौद्र रूप नआउला भन्न सकिन्न। त्यतिखेर हुन सक्ने क्षतिलाई अहिले नै राजनीतिज्ञ, राज्य सञ्चालन गरिरहेका नेतृत्व वर्ग र नीति निर्माण तहमा रहेका कर्मचारी संयन्त्रले सोंच्नुपर्ने भएको छ। नत्र भोलिको दिनमा पनि विकासको नाममा हुने अवैज्ञानिक कार्यले विनाशबाहेक अरू ल्याउन सक्दैन।

थाहा खबरबाट

**नेपाल सरकार**
**गृह मन्त्रालय**
**जिल्ला प्रशासन कार्यालय, नवलपरासी**
**(बर्दघाट सुस्ता पश्चिम)**

## राजमार्ग बन्द हुने सम्बन्धी सूचना

मितिः २०८१।०६।१५

मिति २०८१ साल असोज १४ गते अन्दाजी १५:४० बजेको समयमा नवलपरासी(बर्दघाट सुस्ता पश्चिम) जिल्ला बर्दघाट नगरपालिका वडा नं. ४ दाउन्ने जंगलको खुसनि खोलास्थित पूर्व-पश्चिम राजमार्गको सडकखण्डमा अविरल वर्षाले सडक 'रिटेनिङ्ग वाल' भत्किएको, करिब ४ मिटर सडक भासिएको साथै विद्युत प्रसारणको 'हाई टेन्सन टावर' समेत ढलेको कारणबाट पूर्ण रुपमा यातायात सेवा अवरुद्ध हुन गएकोमा मिति २०८१।०६।१५ गते विहान ०८:४५ बजेदेखि यातायात संचालनमा आए तापनि सडक मर्मत गरी सहज रुपमा यातायात संचालनमा ल्याउने प्रयोजनका लागि यही मिति २०८१।०६।१५ गते राति १०:०० बजेदेखि मिति २०८१।०६।१६ गते विहान ०५:०० बजेसम्मका लागि बर्दघाट बजारदेखि जिल्लाको पूर्वी सीमाक्षेत्र दाउन्ने बजारसम्म यातायातका अत्यावश्यकबाहेकका सम्पूर्ण साधनहरु संचालनमा रोक लगाइएकोले यो सूचना जारी गरिएको छ।

प्रमुख जिल्ला अधिकारी

# एकै वर्षमा १० लाख बढीको निगुरो बिक्री

गलकोट (बागलुङ)। म्याग्दीको अन्नपूर्ण गाउँपालिका-१ दोवाका स्थानीय शर्मिला पुर्जाले निगुरो सङ्कलन गरी बिक्रीका लागि बागलुङ बजार पठाउँछिन्। साउनदेखि असोजसम्म पुर्जासहित दोवा गाउँका महिलाको दैनिकी जङ्गलमा निगुरो खोज्ने र बेच्नेमा बित्छ।

लेकाली जङ्गलमा उम्रिने निगुरोको बजारमा राम्रो माग हुने गरेको छ। निगुरो उपभोक्ताको रोजाइमा परेपछि शर्मिला पुर्जासहितका महिलाहरुलाई आयआर्जनमा सहयोग पुगेको छ। यस वर्ष मात्रै शर्मिला र मायाकुमारी पुनले रु १० लाख ५० हजारको निगुरो बिक्री गरे।

पुर्जाले भनिन्-"वन उपभोक्ता समिति, सङ्कलन कर्ता, गाडी भाडा कटाएर बाँकी रकम नाफा हुन्छ, यहाँका महिलालाई घर खर्च पुग्छ, कम्तीमा एकजनाले एक 'सिजन' मा रु एक लाखभन्दा माथिको निगुरो बिक्री गर्छौं।" पुर्जाले मात्रै यस वर्ष रु आठ लाख ५० हजार र माया पुनले रु दुई लाख ५० हजारको बिक्री गरेको बागलुङ बजारका व्यापारी शंकर रेग्मीले बताए। रेग्मीले विगत चार वर्षदेखि निगुरो बिक्री गर्दै आएका छन्।

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-१ दोवाको जङ्गलमा पाइने निगुरो सदरमुकाम बेनी बजार हुँदै बागलुङ बजार ल्याउने गरिएको छ। बागलुङ बजारका व्यापारी रेग्मीले होलसेल मूल्यमा तरकारी व्यापारीलाई निगुरो बिक्री गर्दै आएका छन्। बागलुङमा दोवाको निगुरो होलसेल प्रतिमुठा रु ८० र खुद्रा प्रतिमुठा रु १०० मा बिक्री हुने गरेको छ। रासस

**Siyari Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Harniya , Rupandehi**

## Invitation for Online Bid

**First Date of publication: 02-10-2024 (2081/06/16)**

1. Siyari Rural Municipality, Harnaiya, Rupandehi invites online bids From the Eligible bidders for the Procurement of the followingGoodsunder Sealed Quotationand National Competitive Bidding procedure :

| S.N | Invitation for bid No. | Procurement Detail | Bid security amount NRS/ Validity Period | Estimated amount NRS (Exclusive of VAT and Contingencies) | Bid document fee NRs |
|---|---|---|---|---|---|
| 1 | 03/SQ/ GOODS/ SRM/2081-082 | PROCUREMENT of SUPPLY and DELIVERY of ANTIHELMINTHS and ECTO PARACITICIDAL MEDICINE for LIVESTOCK. | 35,000 / 75 days | 1,352,954.21 | 1,000 |
| 2 | 05/NCB/ GOODS/S RM/2081-082 | PROCUREMENT of SUPPLY and DELIVERY of GENERAL MEDICINES and SURGICAL ITEMS. | 65,000/ 120 days | 2,481,983.99 | 3,000 |

2. Eligible builders may obtain further information and inspect the bidding document at the office of Siyari rural municipality or may visit PPMO website www.bolpatra.gov.np/egp

# बाढी र पहिरोबाट १७ अर्ब बढी क्षति

काठमाडौं । सरकारले असोज ११ र १२ गतेको भारी वर्षासँगै आएको बाढी र पहिरोबाट १७ अर्ब रुपैयाँभन्दा बढी क्षति भएको प्रारम्भिक अनुमान गरेको छ ।

प्रधानमन्त्री केपी शर्मा ओलीले मंगलबार आयोजना गरेको पत्रकार सम्मेलनमा मुख्य सचिव एकनारायण अर्यालले प्रारम्भिक क्षतिबारे जानकारी दिएका हुन् । उनका अनुसार २२४ जनाको मृत्यु भएको छ भने २४ जना बेपत्ता भएका छन् । १५८ जना घाइते भएका छन् ।

बाढी, पहिरो र डुबानबाट खानेपानीको संरचनामा ३ खर्ब ५५ करोड र सडक पूर्वाधारतर्फ २ अर्ब ५२ करोड क्षति भएको प्रारम्भिक अनुमान छ । त्यस्तै उर्जातर्फ ४ अर्ब, सिँचाईतर्फ २ अर्ब र कृषि तथा पशुपंक्षीतर्फ ६ अर्बको क्षति भएको छ ।

कृषि बालीमा भएको क्षतिको विवरण एक महिनाभित्र तयार पारिने मुख्य सचिव अर्यालले बताए ।

खोज तथा उद्दार कार्य २ दिनभित्र सक्ने र राहतलाई एकद्धार प्रणालीमार्फत् वितरण गर्ने सरकारको योजना छ । घरबारविहीन भएकाहरुलाई सरकारले तोकेको स्थानमा अस्थायी आवास बनाउन दिइने मुख्य सचिव अर्यालले जानकारी दिए ।

# नेप्से परिसूचकमा एक सय १४ अङ्कको वृद्धि

काठमाडौँ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा मंगलबार उच्च अङ्कको सुधार देखिएको छ । नेप्से परिसूचक ११४ दशमलव ७० अङ्कले बढेको हो । चार दशमलव ५७ प्रतिशतको वृद्धिपछि परिसूचक दुई हजार ६२३ दशमलव ५६ को अङ्कमा कायम भएको छ ।

तीन सय सात कम्पनीका एक करोड ७५ लाख सात हजार ५५५ कित्ता शेयर ९६ हजार ९०६ पटक खरिदबिक्री हुँदा रु सात अर्ब ६१ करोड ६५ लाख २२ हजार २५८ बराबरको कारोबार भएको छ । वित्त समूह आज सबैभन्दा धेरै नौ दशमलव ७४ प्रतिशतले बढेको छ ।

त्यस्तै, बैङ्किङ तीन दशमलव ८३, विकास बैङ्क पाँच दशमलव ४८, होटल तथा पर्यटन पाँच दशमलव ९७ र जलविद्युत् पाँच दशमलव ९८ प्रतिशतले बढेको छ । लगानी छ दशमलव १०, जीवन बिमा चार दशमलव १२, उत्पादन तथा प्रशोधन दुई दशमलव १९, लघुवित्त तीन दशमलव ९८, म्युचुअल फन्ड एक दशमलव ६६, निर्जीवन बिमा तीन दशमलव शून्य नौ, व्यापार तीन दशमलव ९९ र अन्य समूह चार दशमलव ६७ प्रतिशतले बढेको छ । १८ वटा कम्पनीको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै घट्नेमा भने एनएमबी-५० म्युचुअल फन्डको शेयर मूल्य तीन दशमलव ८६ प्रतिशतले घटेको छ ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै एनएलजी इन्सुरेन्स कम्पनी लिमिटेडको रु २८ करोड ८२ लाख ८३ हजार ९५६ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने सबैभन्दा धेरै अपी पावर कम्पनी लिमिटेडको छ लाख १२ हजार ४०१ कित्ता शेयर किनबेच भएको छ ।

# दुर्गा प्रसाईंलाई धरौटीमा छाड्न आदेश



बुटवल । दुर्गा प्रसाईंलाई १ लाख धरौटीमा रिहा गर्न काठमाडौं जिल्ला अदालतले आदेश दिएको छ ।

काठमाडौँका जिल्ला अदालतका न्यायाधीश ठाकुरप्रसाद खरेलको इजलासले ५०/५० हजार धरौटीमा छाड्न आदेश भएको साइबर ब्यूराका एसपी दीपकराज अवस्थीले बताए । यसअघि प्रसाईंविरुद्ध साइबर अपराध गरेको आरोपमा जिल्ला अदालत काठमाडौंमा दुईवटा साइबर अपराधको मुद्दा दायर भएको थियो ।

गत ६ असोजमा भक्तपुरबाट पक्राउ परेका प्रसाईं हिरासतमा परेपछि बिरामी भएको भन्दै अस्पतालमा थिए । अभियोगमा उनीमाथि अधिकतम अर्थात् ५ वर्ष कैद र एक लाख रुपैयाँ जरिवानाको माग गरेको थियो ।


## बिमालेख हराएको सूचना

मेरो निम्न विवरण भएको हिमालयन लाइफ इन्स्योरेन्स कम्पनी लि.को बिमालेख यही मिति २०८१।०५।१० गते बुटवलदेखि पाल्पा जाँदै गर्दा बाटोमा हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु होला ।

नाम : अंकित पौडेल
ठेगाना : पाल्पा–४, छहरा
बिमालेख नं. : GLI0710039
सम्पर्क : ९८४७०६४०४३


**लुम्बिनी....**

सरकारले तोकेको औषधीको निःशुल्क व्यवस्थापन हुनुपर्ने, गरिब तथा विपन्न परिवारको उपचारको खर्चको व्यवस्था हुनुपर्ने, नव जिवन शिशु योजना लागु हुनुपर्ने, फोहोर व्यवस्थापन, व्यवसायलगायत अन्य करमा कटौती गर्नुपर्ने, दरबन्दीभन्दा बाहिरको कर्मचारी हटाई जनताको करको रकम विकासमा खर्च गर्नुपर्ने, स्थानीयलाई रोजगारी दिनुपर्ने, करारको कर्मचारीलाई हटाई स्थायीलाई राख्नुपर्ने लगायतका माग आन्दोलित स्थानीयले बुँदागत रुपमा नगरपालिकासँग माग गरेका छन् ।

स्थानीयले यो माग पुरा नभए सम्पूर्ण व्यापारी, मजदुर, किसान तथा सम्पूर्ण गरिब परिवार माथि भएको हानी-नोक्सानी तथा अन्यायको जिम्मेवार लुम्बिनी साँस्कृतिक नगरपालिकाको मेयरले लिनुपर्ने । यथासक्य चाँडो यी मागको सम्बोधन नगरे शिक्षा, स्वास्थ्य पूर्वाधारमा ठूलो समस्या सृजना हुने हुँदा भ्रष्टाचार न्यूनीकरण गर्न पहिलो चरणमा धर्ना दिने, अन्सन बस्ने र नगरप्रमुखको राजीनामा माग गर्ने कार्यक्रम रहेको छ भने दोस्रो चरणमा केन्द्रमा ध्यानाकर्षण गराउँदै विरोध स्वरुप लुम्बिनीबाट काठमाडौंसम्म पैदल यात्रा गर्ने कार्यक्रम रहेको छ ।

**सडकमा...**

बाँसवारी धनीहरुले पटक पटकसम्म यो कानुन सम्मत छैन किन कर उठाउने भन्दै प्रश्न गर्दा समेत अटेर गरि कर उठाउँदै आएको सवारी धनी र चालकहरुको गुनासो ।

पालिकाले आर्थिक ऐनमा भएको व्यवस्था बमोजिम निकासी कर लिने गरी ठेक्का लिएको आव्हान गरेको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामप्रसाद ज्ञवालीले बताए हामीलाई गुनासो आएको पूर्वाधार कर भनेर लिएको भन्ने आएको छ ।

हामी कार्यापालिका बैठक बसेर यसलाई खारेज गर्नेतर्फ लाग्ने बताए । 'हामीले कानुन बमोजिम निकासी कर मात्रै लिन सक्छौं, ठेकेदारले त्रूटि गर्छ भने हामीले रद्द गर्नुपर्छ ।'- ज्ञवालीले भने । सम्भवतः आज बस्ने कार्यपालिका बैठकले यसलाई रद्द गर्ने निर्णय गर्ने स्रोतले जानकारी दिएको छ ।


Lumbini Province Government
Ministry of Physical Infrastructure Development
Transport Infrastructure Directorate

## Road Infrastructure Development Office

Pyuthan

## Invitation for Bids

IFB No :03/RIDOPYU/081/82 Date of Publication :- 2081-06-16(2024-10-02)

1. Road Infrastructure Development Office, Pyuthan invites electronic bids only from eligible bidders for the Construction and maintenance of Several Roads under National Competitive Bidding (NCB) and Sealed Quotation (SQ) procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Road Infrastructure Development Office, Pyuthan, email ridopyuthan@gmail.com or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

**Information to deposit the cost of bidding document in Bank:**

| Name of the Bank | Name of Office | Office Code No | Rajaswa (Revenue) Shirshak No | Rajaswa (Ravenue) Account No | Office Account No |
|---|---|---|---|---|---|
| Nepal Bank Limited, Khalanga, Pyuthan | Road Infrastructure Development Office, Pyuthan | 3370155025 | 14229 | 27402000001001000001 | 05202000002003000001 (प्रदेश लेखा धरौटी खाता) |

## Shivraj Municipality

Office of Municipal Executive
Chandrauta, Kapilvastu
Lumbini Province

## Invitation for electronicBids

**Date of publication:2081/06/16(2ndOct 2024)**

Shivraj Municipality, Office of the Municipal Executive, Chandrauta Kapilvastu invite selectronic bids under e-procurementsystem from eligiblebidders for the procurement of followingWorks. The bidders can visit the PPMO website for the brief description with Public entity name: Shivraj Municipality Office of Municipal ExecutiveChandrauta,Kapilvastu.

| S.N | Contract ID | Name of Projects | Estimated Amount (InclusiveVAT) (NRs.) | Bid Security (NRs.) | Bid Doc Fee | Final Bid Submisson Date&Time |
|---|---|---|---|---|---|---|
| 1 | SM/W3/081/082-18 | Madawa Binod chaudhary ko gharde khiuttarban shaktitol jane batorakharendrapur samudayek bhawanagadi jane batostharunnati | 1972153.18 | 50000 | 3000 | 2024/11/06 12:00 PM |
